नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पोखरा
सडक डिभिजन पाल्पा

फोन नं: ०७५५२०९२१
इमेल: dropalpa@gmail.com

प.स. ०७९/८०
च.न. ४८०

मिति २०७९/१०/१०

बिषय : बर्तुंग -रिडी सडकको जोर्ते खण्डमा सवारी आवागमन बन्द गरी निर्माण कार्य गर्ने परिमार्जित समय तालिका सम्बन्धमा ।

श्री अधिकारी/कार्की जे.भी
बेसीसहर-८, लमजुंग

प्रस्तुत बिषयमा बर्तुंग-रिडी-तम्घास सडक अन्तर्गत जोर्ते सडक खण्डमा सडक स्तरोन्नति तथा मर्मत लगायतको कार्यहरु गर्न यस अघि १ महिना दैनिक विभिन्न समयमा उक्त सडक खण्डमा सवारी आवागमन रोकी कार्य गर्न अनुमति दिइएकोमा कार्य प्रगतिको अवस्था, सवारी चाप तथा नियमित सवारी आवागमनमा सहजीकरणको लागि मिति २०७९/१०/१० देखि २०७९/११/१० सम्म लागु हुने गरी हाललाई १ (एक) महिनाको लागि तपशिल बमोजिम सडक बन्द गरी निर्माण कार्य गराउन समयतालिका परिमार्जन गरिएको जानकारी गराइन्छ ।

तपशिल

| सि.नं | स्थान | सवारी साधन आवागमन बन्द हुने समय | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | जोर्ते सडक खण्ड | बिहान ५:०० देखि ९:०० बजे सम्म<br>बेलुकी ७:०० देखि १०:०० बजे सम्म | मिति २०७९/१०/१० देखि २०७९/११/१० गते सम्म | |

उल्लेखित समयमा सडक स्तरोन्नति तथा मर्मत सम्बन्धि कार्य निम्न बमोजिमको शर्तहरु पालाना गर्ने गरी अगाडी बढाउनु हुन अनुरोध छ ।

१. सडक बन्द रहने समयमा उपयुक्त फराकिलो स्थानमा सवारी साधन ब्यबस्थित गरी रोकी राख्ने ब्यबस्था साथै Lines Man मार्फत रातो/हरियो झण्डा प्रयोग गरी आलोपालो गरी सहज सवारी आवागमन व्यवस्था मिलाउनु पर्ने ।
२. सडक खन्दा निस्केको सामग्री सवारी आवागमनलाइ असर नगर्ने गरी तत्काल हटाउनु पर्ने ।
३. तोकिएको समयमा बाहेक सवारी साधनको आवागमनमा असुबिधा नपर्ने गरी सडक स्तरोन्नति तथा मर्मत सम्बन्धि कार्य अगाडी बढाउनु हुन ।

बोधार्थ: (आवश्यक सहजीकरणको लागि अनुरोध)
श्री जिल्ला प्रशासन कार्यालय, पाल्पा
श्री जिल्ला प्रहरी कार्यालय, पाल्पा
श्री श्रीनगर यातायात ब्यबसायी कम्पनी लिमिटेड, पाल्पा
श्री पश्चिम नेपाल बस ब्यबसायी कम्पनी लिमिटेड, पाल्पा

५३८ ... १०।१०

प्रदिपमणि निरौला
डिभिजन प्रमुख
डिभिजन प्रमुख

दर्ता नं. २६० दर्ता मिति २०७९।१०।११

# सन्तोष चलचित्र मन्दिर

## SANTOSH CHALCHITRA MANDIR

तानसेन पाल्पा, नेपाल

Tansen,Palpa,Nepal

Ph No. 075-520261

स्था लेखा नं. ६०३२२८९४९


**Ref No.**

**Date** ११।१०।२०७९




श्रीमिति प्र मा ज्यू website र Fb मा राखी दिनु, ११।११

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पा ।
श्रीमान् प्रमुख कर अधिकृतज्यू
आन्तरिक राजश्व कार्यालय, तानसेन पाल्पा ।
श्रीमान् नगर प्रमुखज्यू
तानसेन नगरपालिका, तानेसन, पाल्पा ।
श्रीमान् अध्यक्षज्यू
नेपाल चलचित्र संघ, विशालनगर, काठमाण्डौ ।

**विषयः जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मितिः २०७६ साल फागुन महिनामा पूर्व जानकारी दिएपछि नेपाल सरकारले **कोभिड -१९** महामारीको कारणले मितिः २०७६ साल चैत्र ११ गते देखि लागु हुने गरी जारी गरेको लकडाउनले गर्दा यस चलचित्र मन्दिर बन्द रहेकोमा हाल आवश्यक मर्मत तथा सम्भार समेत गरी पुनः सञ्चालनमा ल्याउन लागेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

मर्मत तथा सम्भार पश्चात् यस चलचित्र मन्दिरमा हाल बाल्कोनी सीट संख्या ३६ र स्पेशल सीट संख्या १७४ गरी जम्मा सीट संख्या २१० कायम गरिएको छ । यही मितिः २०७९ साल माघ ११ गते देखि पुनः सञ्चालन हुने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

सहयोगका लागि धन्यवाद ।

निवेदक

(सर्जुमान लिगल)
व्यवस्थापक

दर्ता नं ३८१
दर्ता मिति 2065।10।11